# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## मंगला गाउँपालिका

### म्याग्दी




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## मंगला गाउँपालिका

### म्याग्दी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

**२०७९**

## मंगला गाउँपालिका

म्याग्दी

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय गण्डकी**


२०१६

पत्र संख्याः २०७९।८०

च.नं. ८३

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,

मंगला गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

म्याग्दी।

**कैफियत सहितको राय**

हामीले मंगला गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ६ करोड ३६ लाख ६४ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु ४ लाख ६५ हजार फस्योंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ७५ लाख १८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४ करोड ९८ लाख ३७ हजार, नियमित गर्नुपर्ने रु ५२ लाख १८ हजार र पेश्की रू. ६ लाख २५ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ७० लाख १५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ७ करोड २ लाख १४ हजार रहेको छ ।गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)

नायब महालेखापरीक्षक

# मंगला गाउँपालिका, म्याग्दी

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४० | ४८ | ६३६६४ | ० | ५ | ४६५ | ४० | ४३ | ६३१९९ | ७५१८ | ५२१८ | ४९८३७ | ० | ० | ५५०५६ | ६२५ |

## १.२ प्रतिक्रियाबाट फस्योंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| क्र सं | प्रारम्भिक प्रतिवेदनको दफा नं | छोटकरी व्यहोरा | रकम |
| १ | ४४ | होडिङ वोर्डको विल भौचर नभएकोले असुल गर्नुपर्ने | २५०० |
| २ | ४८.२ | मंगला स्कुलको तेश्रो र चौथो चौमासिकको तलव वढी निकासा भएको असुल गर्नुपर्ने | १७१७६७ |
| ३ | ५० | पाठ्यपुस्तक अनुदानको प्रमाण पेश गर्नुपर्ने | १७६८३६ |
| ४ | ५३ | शिवलाल कँडेलको प्राविधिक ग्रेड भुक्तानीको प्रमाण पेश गर्नुपर्ने | ११३९२८ |
| | | जम्मा | ४६५०३१ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| पालिकाको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मंगला गाउँपालिका, म्याग्दी | ७०१५ | ० | ० | ७०१५ | ० | ६३१९९ | ७०२१४ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : मंगला गाउँपालिका, म्याग्दी , मंगला गाउँपालिका , म्याग्दी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Manohar Dhungana | २०७७-५-२४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | लेखनाथ अधिकारी | २०७६-१२-२७ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ६३,१९९,२६५.५७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३,०४,६५,१६९.५४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २८,७६,४८,७१८.२९ | **चालु खर्च** | २३,२०,४२,४५९.८ |
| **प्रदेश सरकारबाट अनुदान** | १,५५,७५,६२७ | **पूँजीगत खर्च** | १५,१५,०७,००१ |
| **राजश्व बाँडफाँट** | ६,२९,६०,७४८.६२ | **वित्तीय/अन्य व्यवस्था** | ३५,७०,४५०.५४ |
| **आन्तरिक आय** | ८३,६५,८१८.६१ | | |
| **अन्य आय** | ७२,५२,५७५.५२ | | |
| **कुल आय** | ३८,१८,०३,४८८.०४ | **कुल खर्च** | ३८,७१,१९,९११.३४ |
| **बाँकी मौज्दात** | | २,५१,४८,७४६.२५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **लेखापरीक्षण**<br>उल्लेखित आर्थिक कारोवारको स्वीकृत समष्टीगत तथा ईकाइगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू,व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ ।लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्यौंल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा NAMS प्रणाली अवलम्बन गरी लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाईप्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा पालिकाका उपाध्यक्ष लगायत कार्यालय प्रमुख र जिम्मेवार शाखा प्रमुखहरु समेतका पदाधिकारीहरूसँग मिति २०७९।५।१७ मा भएको छलफल पश्चात् कायम भएका व्यहोराहरू निम्नानुसार छन्: | |
| २ | | | **परीचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २९ सभा सदस्य, ८८.४४ वर्ग किलोमिटर क्षेत्रफल तथा करिब २० हजार जनसंख्या रहेको छ । | |
| ३ | | | **स्थानीय सञ्चित कोष**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७८।०७९ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | गतवर्ष रु. | |
|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४३,१७,६५,४१६.८४ | ३८,१८,०३,४८८.०४ | ३८,१८,०३,४८८.०४ | ३८,८४,२६,२४१.४५ | ३८,८४,२६,२४१.४५ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४२,६२,१४,४६३.३२ | ३७,४६,९६,३७१.५२ | ३७,४६,९६,३७१.५२ | ३७,७८,४८,७७३.६७ | ३७,७८,४८,७७३.६७ |
| ११००० कर | ११ | ६,५८,२५,००० | ६,२९,६०,७४८.६२ | ६,२९,६०,७४८.६२ | ५,११,४२,४५०.४३ | ५,११,४२,४५०.४३ |
| | | | | | | |
| १३००० अनुदान | | ३५,२८,६६,००० | ३०,३२,२४,३४५.२९ | ३०,३२,२४,३४५.२९ | ३२,२६,७५,७०४ | ३२,२६,७५,७०४ |
| संघीय सरकार | १२ | ३३,०४,९६,००० | २८,७६,४८,७१८.२९ | २८,७६,४८,७१८.२९ | २९,२८,१४,७०४ | २९,२८,१४,७०४ |
| प्रदेश सरकार | १२ | २,२३,७०,००० | १,५५,७५,६२७ | १,५५,७५,६२७ | २,९८,६१,००० | २,९८,६१,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४००० अन्य राजस्व | | ७३,७८,००४.३२ | ८३,६५,८१८.६१ | ८३,६५,८१८.६१ | ४०,३०,६१९.२४ | ४०,३०,६१९.२४ |
| १५००० विविध प्राप्ति | | १,४५,४५९ | १,४५,४५९ | १,४५,४५९ | ० | ० |
| ख. अन्य प्राप्ति | | ५५,५०,९५३.५२ | ७१,०७,११६.५२ | ७१,०७,११६.५२ | १,०५,७७,४६७.७८ | १,०५,७७,४६७.७८ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ८,९०,३०९.६३ | ८,९०,३०९.६३ |
| कोषहरु | | ५५,५०,९५३.५२ | ५५,३१,९२७.५२ | ५५,३१,९२७.५२ | ५१,९४,१५२.७७ | ५१,९४,१५२.७७ |
| धरौटी | | ० | १५,७५,१८९ | १५,७५,१८९ | ४४,९३,००५.३८ | ४४,९३,००५.३८ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ४५,७५,७५,१९३.८१ | ३८,७१,१९,९११.३३ | ३८,७१,१९,९११.३३ | ३६,८४,४७,२८९.८४ | ३६,८४,४७,२८९.८४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४५,२०,२४,२४०.२९ | ३८,३५,४९,४६०.७९ | ३८,३५,४९,४६०.७९ | ३६,५६,०८,७९१.८४ | ३६,५६,०८,७९१.८४ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ७,७७,४९,००० | ६,४८,१३,५७२.२८ | ६,४८,१३,५७२.२८ | १२,९७,८३,२६२ | १२,९७,८३,२६२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ७,४७,१९,७३८.६७ | ५,५१,४९,१०६.५१ | ५,५१,४९,१०६.५१ | ३,०५,०७,९२७.७५ | ३,०५,०७,९२७.७५ | |
| | | | २५००० सहायता (Subsidy) | १८ | १०,३३,३१,००० | १०,३०,८४,००० | १०,३०,८४,००० | १,५६,७५,५०७ | १,५६,७५,५०७ | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | ८०,७८,००० | ४३,६९,३२१ | ४३,६९,३२१ | ६१,०२,६७३ | ६१,०२,६७३ | |
| | | | २८००० अन्य खर्च | १८ | ४९,४९,०९० | ४६,२६,४६० | ४६,२६,४६० | २०,९६,०९९ | २०,९६,०९९ | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १८,३१,९७,४११.६२ | १५,१५,०७,००१ | १५,१५,०७,००१ | १८,१४,४३,३२३.०९ | १८,१४,४३,३२३.०९ | |
| | | | घ. अन्य भूक्तानी | | ५५,५०,९५३.५२ | ३५,७०,४५०.५४ | ३५,७०,४५०.५४ | ३६,८४,४७,२८९.८४ | ३६,८४,४७,२८९.८४ | |
| | | | कोषहरु | | ५५,५०,९५३.५२ | २२,९०,०६८ | २२,९०,०६८ | २६,६८,४९८ | २६,६८,४९८ | |
| | | | धरौटी | | ० | १३,३६,८०८.५४ | १३,३६,८०८.५४ | १,७०,००० | १,७०,००० | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी</td><td></td><td>-५६,४२६</td><td>-५६,४२६</td><td></td><td></td></tr>
<tr><td>ङ. यो वर्षको बचत (न्युन)</td><td>(२,५८,०९,७७६.९७ )</td><td>(५३,१६,४२३.२९)</td><td>(५३,१६,४२३.२९)</td><td>१,९९,७८,९५१.६१</td><td>१,९९,७८,९५१.६१</td></tr>
<tr><td>च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)</td><td></td><td>३,०४,६५,१६९.५४</td><td>३,०४,६५,१६९.५४</td><td>२,९९,९२,७८०.४६</td><td>२,९९,९२,७८०.४६</td></tr>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td>(२,५८,०९,७७६.९७ )</td><td>२,५१,४८,७४६.२५</td><td>२,५१,४८,७४६.२५</td><td>४,९९,७१,७३२.०७</td><td>४,९९,७१,७३२.०७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>निकाशा फिर्ता<br>संघ सशर्त तर्फको अनुदानको बाकी रु ३,३५,२९,२६४।७१ र बिशेष अनुदानको बाकी रु १२,३१,४३३। २०७९।३।३१ मा दाखिला भएको छ । गण्डकी प्रदेश समपुरक अनुदान चालु तर्फ रु ६४२३२३१। निकाशा भएकोमा रु ६२,२३,०००। खर्च भइ बाकी रु २००,२३१। प्रदेश सञ्चितकोषमा दाखिला गर्न बाकी देखिएकोले सो रकम प्रदेश सञ्चितकोषमा दाखिला हुनुपर्ने रु</td><td>२००२३१</td></tr>
<tr><td>५</td><td></td><td></td><td>दाखिला गर्न बाकी अग्रीम आयकर<br>पालिकाको बित्तीय बिवरण म ले प फा नं २७२ मा बिभिन्न भुक्तानीमा अग्रीम कर कट्टी गरेको रु ५६,४२६। दाखिला गर्न बाकी देखिएकोले सो रकम आयकर ऐन २०५८ को दफा ९० अनुसार संघको संचितकोषमा दाखिला हुनुपर्ने रु</td><td>५६४२६</td></tr>
<tr><td>६</td><td></td><td></td><td>बित्तीय बिवरण</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६.१</td><td></td><td></td><td>वित्तीय विवरण– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे को आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए को ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः<ul><li>लेखापरीक्षणका क्रममा पेस्की खाता अद्यावधिक रहेको छैन ।</li><li>NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेतापनि प्रतिवेदन र लेखाङ्कनबीच एकरुपता देखिँदैन ।</li><li>स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि सवै कारोवार सुत्रमा समावेश नभएकोले आम्दानी तथा खर्च भिड्दैन ।</li></ul></td><td></td></tr>
<tr><td>६.२</td><td></td><td></td><td>गाँउपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:<table><tr><td>सि.नं.</td><td>खर्च शीर्षक</td><td>बजेट</td><td>निकासा खर्च</td></tr><tr><td>1.</td><td>सामाजिक सुरक्षा तथा सरक्षण</td><td>९०१२९८४०</td><td>८९४१९३४७</td></tr><tr><td></td><td>जम्मा</td><td>९०१२९८४०</td><td>८९४१९३४७</td></tr></table>उल्लिखित बाहेक संघीय सशर्त तर्फको गत वर्ष को निकाशा फिर्ता रु. २९,३८,०४५। संघीय संचितकोमा दाखिला भएको छ ।</td><td></td></tr>
<tr><td>६.३</td><td></td><td></td><td>जिम्मेवारी फरक परेको<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । तर स्थानीय तहको बित्तीय प्रतिवेदनमा म ले प फा नं २७२ मा गत वर्षको अन्त्यमा रु.४,९९,७१,७३२। मौज्दात कायम भएकोमा यो वर्षको शुरुमा रु.३,०४,६५,१७०।जिम्मेवारी सारेको देखियो।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>जसअनुसार बित्तीय प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१९५०६५६३। घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु</td><td>१९५०६५६३</td></tr>
<tr><td>६.४</td><td></td><td></td><td>अन्तर हिसाव फरक<br>यस पालिकाको संचितकोषको वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ र पालिका कै स्थानीयतहहरुको एकिकृत वित्तीय विवरण रिपोर्ट १ को समग्र प्रासी, खर्च र मौज्दातमा देहाय अनुसार फरक परेको छ। यस्तो फरक रकमले पालिकाको संचितकोषले देखाउने वित्तीय अवस्थामा फरक पर्ने हुदाँ समयमा यस्तो रकम सुनिश्चित गरी हिसाव अधावधिक गर्नुपर्दछ।
<table>
<tr><th>विवरण</th><th>संचित कोष म.ले.प.फा.नं. २७२ अनुसार</th><th>स्थानीय तहको एकीकृत वित्तीय विवरण रिपोर्ट-१ अनुसार</th><th>फरक रकम</th></tr>
<tr><td>प्रासि</td><td>३८१८०३४८८</td><td>४००६५१०००</td><td>-१८८४७५१२</td></tr>
<tr><td>भुक्तानी</td><td>३८७११९९११</td><td>३८३५४९०००</td><td>३५७०९११</td></tr>
<tr><td>यो वर्षको वचत/न्यून</td><td>-५३१६४२३</td><td>१७१०२०००</td><td>-२२४१८४२३</td></tr>
</table></td><td></td></tr>
<tr><td>६.५</td><td></td><td></td><td>बैंक हिसाब मिलान नगरेको<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण रु.७२,३५,७८२। फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी बैकंमा घटी मौज्दात देखिएको सो रकम यकिन गर्नुपर्ने देखिएको रु
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>विविध खर्च खाता</td><td>१९२९५१</td><td>११३९०७७</td><td>९४६१२६</td></tr>
</table></td><td>७२३५७८२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>धरौटी खाता</td><td>४७४८३१४.०३</td><td>४७४८३१४.०३</td><td>०</td></tr>
<tr><td>३</td><td>सञ्चित कोष खाता</td><td>१७१३९५४६.७</td><td>८९५७६३९</td><td>८१८१९०८</td></tr>
<tr><td>४</td><td>विविध कोष खाता</td><td>३०६७९३४.५२</td><td>३०६७९३४.५२</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२५१४८७४६</td><td>१७९१२९६४</td><td>७२३५७८२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>
आन्तरिक नियन्त्रण प्रणाली<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा लागू गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल बमोजिम रहेका छन्:<br>
• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>
• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>
• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>
• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १५ ऐन, २ नियमावली, १२ कार्यविधि समेत ३० कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ। उल्लेखित कानुन मध्ये ७ राजपत्रमा प्रकाशित भएको पाइएन ।<br>
• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली, २०७४ को नियम ७ र ८मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५क बमोजिम कर्मचारीहरूको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ बमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले आन्तरिक लेखापरीक्षण शाखाबाट तलबी प्रतिवेदन पारित गरी खर्च लेखेको पाईयो ।<br>• पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकामा कुल दरबन्दी ६० रहेकोमा १९ पदपूर्ति भई ४१ जना रिक्त रहेको देखिन्छ। रिक्त पद ४१ भएता पनि २८ जना करारबाट पदपूर्ति भएको देखिन्छ ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• योजनागत रुपमा अलग अलग नापी किताब नराखेका एवंम निर्माण कार्यको हालसम्मको परीमाण र खर्च देखिने एकिकृत नापी किताव प्रयोगमा नल्याएको ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको रेखदेख,मर्मत सम्भार र संरक्षण गरे नगरेको अभिलेख राखेको पाइएन ।<br>• मौजुदा सूचीमा दर्ता भएका सेवा प्रदायकबाट मात्र खरिद गर्नुपर्नेमा कतिपय टुक्रा खरिद सूचीमा दर्ता नभएकासँग पनि गर्ने गरेको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • योजना कार्यान्वयनको कार्यतालिका नबनाएको ।<br>• तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८ | | | **बजेट व्यवस्थापन** | |
| ८.१ | | | **बजेट पेस, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री सृजना के.सी .ले २०७८।3।10 गते रु.4४ करोड २० लाख २४ हजारको बजेट सभा समक्ष पेस गरेकोमा २०७८।3।10 मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।15 मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ८.२ | | | **क्षेत्रगत बजेट र खर्च**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क.स | क्षेत्र | बजेट | खर्च | जम्मा खर्चको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २६६४१२०० | २२०२३२९१ | ५.७४ |
| २ | पूर्वाधार विकास | १०८४४८६१६ | ८७६६३३७९ | २२.८६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>२५२२७८०००</td><td>२१५३५९६४५</td><td>५६.१५</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>१६३३९१४४</td><td>१४५२४२३८</td><td>३.७९</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>४८३१७२७९</td><td>४३९७८९०७</td><td>११.४७</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४५२०२४२३९</td><td>३८३५४९४६०</td><td>१००</td></tr>
</table></td><td></td></tr>
<tr><td>८.३</td><td></td><td></td><td>अबण्डा बजेट<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष रु. १४ करोड ४ लाख २५हजार बिबिध मा राखि अबण्डा हुनेगरी खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>खर्च विश्लेषण<ul><li>पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.९५,०७,३८३।- राजस्व बाँडफाँड संघको रु ५७५६६९२२।प्रदेशको रु ४३९७७२०।र संघवाट अनुदान रु २८७६४८७१८। र प्रदेश सरकारवाट अनुदान रु १५५७५६२७। समेत रु.३७,४६,९६,३७०। आम्दानी भएकोमा चालु तर्फ रु.2३,२०,४२,४५९।५९ र पुँजीगत तर्फ रु.1५,१५,०७,००१। समेत रु.3८,३५,४९,४६०। खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.४७ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.६२,२७,९८३।- खर्च भएको छ जुन आन्तरिक आयको ६५.५० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६१.९२ प्रतिशत चालु र ४०.४३ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक</li></ul></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।<br>• कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष कुल आन्तरिक आम्दानी रु. ९५,०७,३८३। रहेकोमा पालिकाको कुल प्रशासनिक खर्च रु.४,३९,७८,९०७। रहेको छ । आन्तरिक आयको तुलनामा प्रशासनिक खर्चको हिस्सा ४.६२ गुणा बढी रहेको छ । पालिकाले आन्तरीक आम्दानीका थप स्रोतहरू बढाउन पहल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>कार्यक्रम कार्यान्वयन</td><td></td></tr>
<tr><td>१०.१</td><td></td><td></td><td>कार्यक्रम परिवर्तन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । सो विपरीत वडा कार्यालयहरूको सिफारिसमा गाउँकार्यपालिकाले निर्णय अनुसार गाउँसभाबाट अनुमोदन तथा कार्यक्रम संसोधन गरी रकम खर्च गरेको पाईयो ।<br><table><tr><th>सि.नं.</th><th>मौजुदा कार्यक्रम</th><th>रकम (हजारमा)</th><th>परिवर्तित कार्यक्रम</th><th>रकम</th></tr><tr><td>१</td><td>विभिन्न ३१९ योजना (चालु र पुंजीगत)</td><td>१८३१९७</td><td>विभिन्न ११७ योजना (चालु र पुंजीगत)</td><td>४०९००</td></tr></table></td><td></td></tr>
<tr><td>१०.२</td><td></td><td></td><td>सञ्चालन नभएका कार्यक्रमहरू<br>पालिकाबाट स्थानीय तह प्रशासनिक भवन पूर्वाधार विकास कार्यक्रम र १८ योजना मा रु.७२ लाख ४० हजार बजेट व्यवस्था भएकोमा कार्यक्रम कार्यान्वयन भएको देखिएन । पालिकाले बजेट उपयोग गरी गाँउसभावाट पारीत भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन रु हजारमा | खर्च |
|---|---|---|---|
| १ | राजमाटा मजुवा चौरपानी मोटरवाटो निर्माण | २०० | ० |
| २ | पुल्चोक पिपल वोट पाखुधारा सिर्कुम टिकावाङ्ग मोटर वाटो स्तरउन्नती क्रमागत | ११०० | ० |
| ३ | पुल्चोक पिपल वोट पाखुधारा सिर्कुम टिकावाङ्ग मोटर वाटो स्तरउन्नती क्रमागत | ११०० | ० |
| ४ | हाँडेभिर सरक्षण | ५०० | ० |
| ५ | सिम कोत्रवाङ्ग पयुपाटा कूहुँ अधेरी खोला पुर्ण गाउ टोड्के नमुना सडक निर्माण | १६०९ | ० |
| ६ | शिवालय मन्दीर मर्मत योजना | २०० | ० |
| ७ | अर्मन स्वाथ्य चौकिमा वाल तथा नालि निर्माण | ९५० | ० |
| ८ | कालिका भगवति मन्दीर मर्मत | ९५ | ० |
| ९ | विश्व कर्मा समाज भवन मर्मत | १५० | ० |
| १० | सिम खानेपानी योजना | २५० | ० |
| ११ | सल्यान भाइवाङ मोटर वाटो मर्मत योजना | ९० | ० |
| १२ | खुम्लिया आमा समुह | ५० | ० |
| १३ | तल्लो हिदी माइको मन्दिर मर्मत | ५० | ० |
| १४ | आर्वाङ्ग खेल मैदान निर्माण | २०० | ० |
| १५ | पोकफाँट शाखा कुलो मर्मत | ३०० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १६ \| धारा मालिका मोटर वाटो \| १५० \| ० | |
| | | | १७ \| धारा मालिका मोटर वाटो \| १५० \| ० | |
| | | | १८ \| पाखु घोडेटोवाटो निर्माण \| ९६ \| ० | |
| | | | जम्मा \| ७२४० \| ० | |
| १०.३ | | | **क) चौमासिक पुँजीगत खर्च**- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ स्वीकृत भएको कार्यक्रममा नियम २५ चौमासिक प्रगति विवरण वनाई पेस गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासिक र आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। | |

| सि.नं. | पुँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| 1 | पुँजीगत | १८३१९७ | १९२३ | ४३५३३ | ११६७८१ | |
| | खर्च प्रतिशत | | १.०४ | २३.७६ | ६३.७४ | |

**ख) प्रगति विवरण नभएको**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्बन्धी व्यवस्था छ । पालिकाले यस वर्ष उपभोक्ता समितिवाट सञ्चालित १८३ योजनाहरू समेत कुल १९६ योजना सञ्चालन गरेको देखियो । पालिकाले सञ्चालित योजनाहरूको प्रगति विवरण पेस हुन आएन । सञ्चालित योजनाहरूको कार्यसम्पन्न अवस्था, वित्तीय एवं भौतिक प्रगति स्थिति समेतको क्रियाकलापगत र रकमगत परिमाण खुल्ने गरी एकीकृत

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सो को विश्लेषण गर्न सकिएन । अतः स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन र सञ्चालित कार्यको प्रगति विवरण तयार हुनुपर्दछ । | |
| १०.४ | | | **डीपीआर खर्च**<br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना र डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ । अध्ययन गरीएका आयोजनाहरु कार्यान्वयनमा आए नआएको स्पष्ट खुलासा गरेको छैन । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत लागत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| बातावरणीय मुल्याङ्कन (IEE) | फारसाईट इन्जिनियरिङ सर्भिस प्रा.लि. | ४९८३३० | ४९८३३० | ० |
| सिंचाई कुलो डि पि आर (१,२,३ र ५) | डक्टाइल डिजाइन एण्ड कन्स्ट्रक्सन प्रा. लि. | ४९१५५० | ४९१५५० | ६०६५६५५८ |
| सिंचाई कुलो डि पि आर (१,२ र ५) | जेनियल इन्जिनियरिङ्ग सोलुसन प्रा.लि. | ४६८९५० | ४६८९५० | १८८०९२८४ |
| सिमलचौर मिठौला कुकुरबिसौना तल्लो सडक | स्कलर्स कन्सल्ट प्रा ली | ३५२१६० | ३५२१६० | २९११२८९९ |
| पखेर पिंङ्गे हाँसेडाँडा सडक | साईन टोक्नो | २६३०९६ | २६३०९६ | २४३५६९८७४ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट कै रकम खर्च गरेको उपयुक्त देखिएन । गाउँपालिकाको प्राविधिक जनशक्तिबाट डी.पी.आर. तयार गर्ने कार्य गराउनु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **दहत्तर बहत्तर ठेक्का**<br>क। स्थानीय सरकार संचालन ऐन, 2074 को साबिक दफा 64 को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरूको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरूले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, 2075 द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरूले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने ब्यबस्था गरेको छ । यसै सम्बन्धमा बागमति प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७६ को दफा ९ मा संघीय कानुनसंग बाझिने गरी ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धी ब्यबस्था गरेको छ । गण्डकी प्रदेश आर्थिक ऐन २०७६ को दफा ९(५) अनुसार गिट्टी ढुंगा बालुवा वापत संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसैगरी संघीय मन्त्रिपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, 2077 जारी गरी गिट्टी ढुंगा बालुवा बिक्रिबापतको राजस्व स्थानीयले सङ्कलन गरी प्रदेश र स्थानीय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँड गर्ने ब्यबस्था गरेको छ जुन स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२(क) विपरीत देखिन्छ।<br>ख। यस बर्ष पालिकाले म्याग्दी नदीवाट ढुगां गिट्टी वालुवा उत्खनन् गरी बिक्री तथा निकाशी गर्न कुल १६ घाटको ३५७१६ घनमीटरको लागी ५ वटा ठेक्काको लागि वोलपत्र आह्वान भएकोमा ३ ठेक्काको वोलपत्र नपरेको र २ ठेक्काको देहाय अनुसार ठेक्का सम्झौता भइ मु अ कर र सेवा शुल्क समेत रु ३३७६२६१।५० असुल भएको छ ।उक्त ठेक्का सम्झौताको पट्टा अनुसारको शर्त पालना गरी बोलपत्रदाताहरुले ढुगां गिट्टी वालुवा उत्खनन् गरी बिक्री तथा निकाशी गरे नगरेको अनुगमन गरेको देखिएन । साथै उक्त श्रोतबाट असुली भइ बिभाज्यकोषमा दाखिला भएको मुअ कर र सेवाशुल्क बाहेकको ४० प्रतिशतले हुने रु ११७९४८०। समेत गण्डकी प्रदेश मा दाखिला भएको देखिएन । उक्त दाखिला हुन बाकी रु ११७९४८०। समेत तोकिएको कोषमा दाखिला हुनुपर्दछ । | |
| १२ | | | **सेवा प्रवाह** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लेखापरीक्षणको लागि प्राप्त विवरण अनुसार गत वर्ष ८६५ नागरिकता सिफारिस ३७३९ अन्य निवेदन सिफारिस १७३ घरबाटो सिफारिस ३२८ नाता प्रमाणित भएकोमा यस वर्ष नागरिकता सिफारिस अन्य निवेदन सिफारिस घरबाटो सिफारिस र नाता प्रमाणित सेवा शुन्य रहेको छ ।<br>आ.ब 2078/079 मा निम्न बमोजिमका सेवा प्रवाह भएको देखिन्छ । | |

| क.स | विवरण | गत वर्ष | यस वर्ष |
|---|---|---|---|
| 1 | जन्मदर्ता | ३२० | ६४२ |
| २ | विवाहदर्ता | ० | २९२ |
| ३ | बसाईसराई दर्ता | ० | १०९ |
| ४ | सम्बन्ध विच्छेद | ० | ४६ |
| ५ | मृत्युदर्ता | ० | १६८ |
| ६ | नागरिकता सिफारिस | ८६५ | ० |
| ७ | अन्य निवेदन सिफारिस | ३७३९ | ० |
| ८ | घरबाटो सिफारिस | १७३ | ० |
| ९ | नाता प्रमाणित | ३२८ | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **न्याय सम्पादन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकारक्षेत्र तथा न्याय सम्पादनको प्रकृयाको व्यवस्था गरेको छ । समितिमा परेका उजुरीमध्ये मेलमिलाप प्रकृतिको आधारमा दर्ता भएको ३ महिना भित्र टुङ्गो | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लगाउने व्यवस्था छ । गत आ.व सम्म फछ्यौंट नभएको उजुरी ४ यस वर्ष कार्यालयमा १४ वटा उजुरी दर्ता भई ६ वटा फर्छौट भएको र १२ वटा उजुरी फछ्यौंट हुन बाँकी देखिन्छ । | |
| १४ | | | **योजना र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्: | |
| १५ | | | **स्मार्ट बालविकास केन्द्र** | |

| क सं | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमका योजना | ४० | ४९११००० |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | १२५ | ३४३९०००० |
| ३ | रु ५ लाख एक देखि १० लाख सम्मका योजना | १८ | ११८८६०० |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | १३ | ४९५०२००० |
| ५ | ५० लाख भन्दा माथिका योजनाहरु | ० | ० |
| | जम्मा | १९६ | ८९९९१६०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाको २०७८।७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत स्मार्ट बालविकास केन्द्रका लागि शैक्षिक सामाग्री व्यवस्थापनको लागि पालिकाबाट निम्न १८ विद्यालयका लागि प्रतिविद्यालय रु ८५०००।का दरले रु.15,30,000। निकासा भएकोमा पालिकाबाट उक्त कार्यक्रमको लागि खरिद गर्नुपर्ने सामाग्रीहरुको स्पेशिफिकेन तयार गरेको देखिएन । साथै, विद्यालयबाट खरिद गरेका सामाग्रीहरुको अनुगमन समेत भएको देखिएन । | |
| १६ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । गाउँपालिकाको संघ तर्फको सामाजिक सुरक्षा कार्यक्रमको मात्र कोष तथा लेखा नियन्त्रक कार्यालय म्याग्दीबाट आन्तरीक लेखापरीक्षण भएको भएता पनि सो वाहेक पालिकाको समग्र कारोबारको आन्तरिक लेखापरीक्षण शाखाबाट आन्तरीक लेखापरीक्षण भएको छैन । पालिकाको आन्तरिक लेखापरीक्षण गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| १७ | | | **वीमा** | |
| १७.१ | | | **बीमाङ्क-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक रु. २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्यको जोखिम वापत प्रतिस्थापन खर्चको १५ प्रतिशत रकम समेटीने गरी वीमा गराउनुपर्ने व्यवस्था छ। पोक सातविसे जामिरे सडक निर्माणको लागी क,वोल अंक रु १५६१९४३४।मा ११५ प्रतिशतले वीमाकं हुनुपर्नेमा ११० प्रतिशतले अजोड वीमा कम्पनिवाट वीमा गरेकोले नपुग ५ प्रति शतले हुने रु ७८०९७२। समेट समेटीने गरी बीमाकं कायम भएको बीमा पोलिसी तथा करबिजक समेत पेश हुनुपर्ने रु | ७८०९७२ |
| १७.२ | | | **क। वीमा नभएको-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ (क) मा रु.२० लाख भन्दा वढीको निर्माण कार्यको जोखिम विरुद्ध वीमा निर्माण व्यवसायीलाई निर्माण स्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाणपत्र | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जारी गरिने मिति सम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उप नियम २ को असाधारण परिस्थितिमा वाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानी विरुद्ध निर्माण कार्यको वीमा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्षका निम्न निर्माण कार्यको लागत अनुमान तयार गर्दाको अवस्थामा वीमा वापतको रकम लागत अनुमानमा नराखेको कारण सम्झौताको बि ओ क्यु मा वीमाको व्यवस्था नहुने हुंदा निर्माण व्यवसायी र कार्यालय दुबैले निर्माण कार्यको वीमा गरेको छैन । निर्माण कार्यको कुनै पनि जोखिम विरुद्ध उक्त ब्यवस्था अनुसार वीमा गरिनु पर्दछ । | |

| ठे.नं. | निर्माण कार्य/निर्माण व्यवसायी | संझौता रकम | वीमा रकम |
|---|---|---|---|
| ९।०७७।७८ | पुल्चौक पिपलवोट पाखु धारा सर्कुम टिकाबाँग सडक /आचार्य निर्माण सेवा | ६९९२०५६ | ८०४०८६४ |
| ५।०७८।७९ | सिम कोत्रवागं टोड्के नमुना सडक/मंगला कन्स्ट्रक्शन प्रा लि | ८४०२०९८ | ९६६२४१३ |
| ३।०७८।७९ | रागंवागं स्वास्थ्य चौकी भवन निर्माण/ग्राण्ड खम्पाचे एस के धवलागिरी जेभी | १४९२८३७२ | १७१६७६२८ |
| ११।०७७।७८ | मंगलामा १० शैय्याको प्राथमिक स्वास्थ्य केन्द्र भवन निर्माण/ओम बुध्द इन्टरनेशनल कन्स्ट्रक्शन प्रा लि | ९१८०८७३० | १०५५८००४० |
| ८।०७७।७८ | सिम कोत्रवागं पैयुपांटा कुहुं अधेरी खोला पुर्णगांउ टोड्के सडक/सोमरस निर्माण सेवा | ६८४८४५७ | ७८७५७२५ |
| १३।०७७।७८ | पोक सातविसे ज्यामिरे तोरीडांडा–.सडक निर्माण/ओमेन ओस्कार निर्माण सेवा | ३२०६३९१ | ३६८७३४९ |
| | जम्मा | १३२१८६१०४ | १५२०१४०१९ |

ख। **वीमा अवधी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाण पत्र जारी गरिने मिति सम्म निर्माण कार्यको जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानी विरुद्ध

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वीमा गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले निम्न निर्माण कार्यको तदनुसार अवधि समेटीने गरी वीमा गरेको छैन । उक्त व्यवस्था अनुसार निर्माण कार्यको वीमा अवधि कायम गरिनु पर्दछ ।<br><br>सि.नं. \| निर्माण कार्य \| संझौता रकम \| सम्पन्न हुने मिति \| कायम वीमा मिति<br>१ \| पोक सातविसे जामिरे सडक \| १५६१९४३४। \| २०७९।२।१२ \| २०७९।२।१४<br><br>व्यवस्था अनुसार निर्माण कार्यको वीमा अवधि कायम गरिनु पर्दछ । | |
| १८ | | | **चेनेजको प्रयोग**<br>सडक निर्माण कार्यको लागत अनुमान तयार गर्दा र भुक्तानीका लागि नापि गर्दा सडकको चेनेज खुलाउनु पर्ने व्यवस्था छ। यसबाट काममा दोहोरोपना नहुने नापि कितावमा वास्तविक कामको नापि भएको परिमाण मात्र अभिलेख हुने अवस्थामा पालिकाले निर्माण गर्ने सडक निर्माण सुधार कार्यको लागत अनुमान तयार गर्दा र भुक्तानीको लागि नापी गर्दा सडकको चेनेज नम्वर खुलाएको छैन। यसबाट नापी गरिएको परिमाण चेनेजमा आधारीत नहुँदा नापी गरिएको परिमाण र काममा दोहोरोपना नहुने सुनिश्चित हुने आधार रहेन।पातलिकाले गर्ने सडक निर्माणकार्यको लागत अनुमान बनाउदा र भूक्तानीको लागी कामको नापजांच गर्दा सडकको बास्तविक चेनेज खुलाउनुपर्दछ । | |
| १९ | | | **नापी भन्दा वढी भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा प्राविधिक नापजांच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा सार्वजनिक निकायले करारका शर्त बमोजिम रनिग बिल वा कुनै बिल भुक्तानी गर्न सक्ने व्यवस्था छ । ठेक्का नम्वर ७।०७८।७९ अन्तर्गत पोक सातबिसे ज्यामिरे तोरीडाडां ३ नं वडा कार्यालय देखि ४ नम्वर वडा कार्यालय जोड्ने सडक निर्माण कार्यको दोस्रो रनिगंबिलको निर्माण व्यवसायी सन्दीपा निर्माण सेवालाइ भुक्तानी गर्दा आइटम नम्वर ९ मा ग्याबियन बक्स भर्ने समेत कार्यको नापी किताव अनुसार २२३.५० घन मिटर काम भएकोमा २४६. घन मिटरको भुक्तानी भइ बढी भुक्तानी भएको २२.५ घन मिटरको रु २९२५। का दरले हुने रु ६५८१२।५० मा मु अकर समेत हुने रु ७४३६८। असुल गर्नु पर्ने देखिएको रु | ७४,३६८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०</td><td></td><td></td><td>
बाकी काम<br>
पालिकाले यस बर्ष निर्माण सम्पन्न भएका निर्माण कार्यको अन्तिम बिल भुक्तानी गर्दा देहायको कार्य वाकी रहेको अवस्थामा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ बमोजिम भेरीएशन स्वीकृत गरेको छैन । काम पुरा परीमाणमा गर्नु नपर्ने अवस्थामा प्राविधिक पुष्ट्याइ समेत प्रस्तुत गरेको छैन । सडक संरचनाको मुख्यकाम पुरा नगराइ निम्न निर्माण कार्यको अन्तिम बिजक भुक्तानी गरी कार्यसम्पन्न प्रतिवेदन जारी गरेको नियम सम्मत देखिएन ।
<table>
<tr><th>ठे नं</th><th>निर्माण व्यवसायी</th><th>सम्पन्न मिति</th><th>सम्झौता रकम</th><th>भुक्तानी रकम</th><th>भुक्तानी प्रतिशत</th></tr>
<tr><td>२।०७८।७९</td><td>काश्यप निर्माण सेवा</td><td>२०७९।२।१२</td><td>१५६१९४३४</td><td>१४६०४०४८</td><td>९३।४९</td></tr>
<tr><td colspan="6">Stone Masonry को ८५.४४ घ मी (रु ४६५६५६) र Gabion box ३६.५० घ मी (रु ११६८००) को समेत रु ६५८१७६। को काम नभएको ।</td></tr>
<tr><td>७।२०७८।७९</td><td>सन्दीपा निर्माण सेवा</td><td>२०७९।२।१४</td><td>६४२७२५४</td><td>५८८६०९८</td><td>९१।५८</td></tr>
<tr><td colspan="6">RCC M15को २३.४९ घ मी को रु २१२३५०। को काम नभएको ।</td></tr>
<tr><td>५।२०७८।७९</td><td>मंगला कन्स्ट्रक्शन प्रा लि</td><td>२०७९।२।१२</td><td>८४०२०९८</td><td>७६९०६५९</td><td>९१।५३</td></tr>
<tr><td colspan="6">RCC को ३७.४८ घ मी (रु २४३६३२) र Gabion box ४३ घ मी (रु १३९७५०) को समेत रु ४३३२२१।को काम नभएको ।</td></tr>
<tr><td colspan="6">जम्मा काम नभएको मु अ कर सहित रु १३०३७४७।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>पूर्व निर्धारीत क्षतिपूर्ति -</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ग्याबियन बक्स र एच डि पि इ पाइप खरिद गर्न २०७८।७।१५ मा भएको सम्झौता अनुसार ३ देखि २१ दिन भित्र सामान आपुर्ति हुने व्यवस्था भएकोमा आपुर्तक विनर्स ट्रेडिगं कन्सर्नले सम्झौता अनुसारको अधिकतम समय २०७८।८।६ सम्ममा सामान आपुर्ति गर्नुपर्नेमा निजको कार्यालयमा दर्ता नभएको पत्रानुसार सामान२०७८।९।२६ मा, बिजक अनुसार२०७८।९।२२ र २०७८।९।२८ मा, दाखिला प्रतिवेदन अनुसार २०७८।९।२५ मा दाखिला भएको देखिन्छ । सम्झौतामा पुर्व निर्धारित क्षतिपुर्ति सम्वन्धी व्यवस्था नभएको कारण पालिकाले सो अवस्थामा ४९ दिनको लाग्ने पुर्व निर्धारित क्षतिपुर्ति रु ३८६८४। असुल गरेको छैन । निर्माण तथा सामान आपुर्तिको सम्झौता गर्दा पुर्व निर्धारीत क्षतिपुर्ति समेत सम्झौतामा समावेश गरीनु पर्दछ । | |
| २२ | | | **धरौटी खाता**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली,२०७७ को नियम ६४ ले प्राप्त धरौटी रकमको गोश्वारा भौचर उठाई आम्दानी बाँध्नुपर्ने र आर्थिक वर्षको अन्त्यमा मौज्दात रहेको धरौटी रकमको नामनामेसी विवरण उल्लेख गरी व्यक्तिगत धरौटी खाता राख्नुपर्ने व्यवस्था गरेको छ। गाउँपालिकामा व्यक्तिगत धरौटी खाता नराखेको हुँदा विगतमा कहिले देखि क कस्को नाममा धरौटी रकम के बापत राखेको हो यकीन गर्न सकिएन। उक्त नियमावलीमा भएको व्यबस्थालाई कार्यान्वयनमा ल्याई पालिकाले तोकिएका विवरण र खाताहरू राख्नुपर्दछ। | |
| २३ | | | **राजस्व सदरस्याहाः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६७ मा धरौटी रकम राजस्वमा आम्दानी बाँध्ने कार्यविधि तोकिएको छ। जुन प्रयोजनको लागि धरौटी राखेको हो, सो काम सम्वन्धि कारवाही अन्तिम रुपमा सम्पन्न भएको मितिले धरौटी फिर्ता लिन नआएको खण्डमा यसलाई सदरस्याहा गरी राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले प्रयोजन समाप्त भएको नभएको छुट्याएको छैन साथै कार्यालयको धरौटी खातामा असारसम्म रु. ४७४८३१४।०३ बाँकी रहेको देखिन्छ। यसरी कार्यालयले आवश्यक कानूनी प्रकृया पुऱ्याई धरौटी फिर्ता गर्नु नपर्ने रकमलाई सदरस्याहा गरी राजस्व दाखिला गर्न कार्यालयले ध्यान दिनु पर्दछ। | |
| २४ | | | **कार्य स्वीकार प्रतिवेदन-** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने र निर्माण गरीएको संरचनाको उद्देश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तता परीक्षण गरी प्रमाणित नभएसम्म त्यस्तो कुनै पनि कार्य स्वीकार गर्न नहुने व्यवस्था छ । पालिकाले तदनुसार निर्माण कार्यको स्वीकार नगरी काम एकैपटक यसैं नियमावलीको नियम१२५ बमोजिमको कार्य सम्पन्न प्रतिवेदन बनाइ अन्तिम बिल भुक्तानी गर्ने गरेको छ । निर्माण कार्य सम्पन्न गर्दा उक्त नियमावलीको नियम ११७ र १२५ मा रहेको व्यवस्थाको पालना गर्नुपर्दछ ।
<table>
<tr><th>ठे नं</th><th>निर्माण व्यवसायी</th><th>सम्पन्न मिति</th><th>सम्झौता रकम</th><th>भुक्तानी रकम</th><th>भुक्तानी प्रतिशत</th></tr>
<tr><td>२।०७८।७९</td><td>काश्यप निर्माण सेवा</td><td>२०७९।२।१२</td><td>१५६१९४३४</td><td>१४६०४०४८</td><td>९३।४९</td></tr>
<tr><td>७।२०७८।७९</td><td>सन्दीपा निर्माण सेवा</td><td>२०७९।२।१४</td><td>६४२७२५४</td><td>५८८६०९८</td><td>९१।५८</td></tr>
<tr><td>५।२०७८।७९</td><td>मंगला कन्स्ट्रक्शन प्रा लि</td><td>२०७९।२।१२</td><td>८४०२०९८</td><td>७६९०६५९</td><td>९१।५३</td></tr>
</table></td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>पेश्की जमानत<br>सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११३ (४) मा निर्माण व्यवसायीवाट पेश्की फर्स्यौट गर्नुपर्ने अवधि भन्दा कम्तीमा १ महिना बढी हुनेगरी पेश्की जमानत लिनुपर्ने व्यवस्था छ । निम्न निर्माण व्यवसायीलाइ दिएको पेश्की जमानतको अवधी सकिएकोमा जमानतको तद्अनुसार म्याद थप गरी पेश्की जमानत लिएको देखिएन ।अतः तोकिएको अवधी समेटीनेगरी लिएको पेश्की जमानतको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>ठे नं</th><th>निर्माण कार्य</th><th>जमानतको अवधी सकिने मिति</th><th>पेश्की बाकी रकम</th></tr>
